# होशेको पुस्तक

### होशे द्वारा परमप्रभु परमेश्वरको वचन

**१** परमप्रभुको यो वचन बेरीको छोरा होशेकहाँ आयो। यो वचन उज्जियाह, योनाम, आहाज र हिजकियाह यहूदाका राजा भएको समयमा प्राप्त भएको थियो। यो त्यस समयको कुरा हो जुन समय योआशका छोरो यारोबाम इस्राएलका राजा थिए।

२परमप्रभुबाट होशेलाई नै यो पहिलो वचन थियो। परमप्रभुले भन्नुभयो, "जाऊ, गएर एउटी वेश्यालाई पत्नी बनाऊ र त्यसको वेश्यावृतिबाट जन्मिएको सन्तानलाई आफ्नो बनाऊ किन? किनभने यस देशका मानिसहरूले वेश्याहरू जस्तै काम गर्छन। तिनीहरू परमप्रभुदेखि अविश्वासी भइरहेका छन।"

### यिज्रेलको जन्म

३यसकारण होशेले दिब्लैमकी छोरी गोमेरलाई विवाह गरे। गोमेर गर्भवती भई र होशेका लागि एउटा छोरा जन्माई। ४परमप्रभुले होशेलाई भन्नुभयो, "उसको नाउँ यिज्रेल राख। किन? किनभने म चाँडै नै यिज्रेल गल्छिमा भएको हत्याको निम्ति येहूको परिवारलाई सजाय दिनेछु र इस्राएलको परिवारको राज्य अन्त गरिदिनेछु। ५त्यस समय यिज्रेलको बेंसीमा म इस्राएलको धनु भाँचिदिनेछु।"

### लो-रूहामको जन्म

६तब फेरि गोमेर गर्भवती भई र एउटी छोरी जन्माई। परमप्रभुले होशेलाई भन्नुभयो, "छोरीको नाउँ लो-रूहाम" राख्नु। किन? किनभने म अब इस्राएलको जाति प्रति दया देखाउने छैन। न त म तिनीहरूलाई क्षमा नै प्रदान गर्नेछु। ७बरु, म यहूदाको सन्तानलाई दया देखाउँनेछु। यहूदाको सन्तानलाई रक्षा गर्नेछु। तिनीहरूको रक्षा गर्न म न धनु-काँडहरू न तरवारहरू, न घोड़ाहरू न घोड़ामा चढ़ने सैनिकहरूकै उपयोग गर्नेछु। म तिनीहरूलाई आफ्नो शक्तिले बचाउँनेछु।

### लो-अम्मीको जन्म

८गोमेरले लोरूहामलाई दूध छोड़ाएकी मात्र थिई फेरि गर्भवती भएर एउटा अर्को छोरा जन्माई। ९तब परमप्रभुले भन्नुभयो, "यसको नाउँ लोअम्मी राख्नु। किन? किनभने त्यो मेरो मानिस होइन। म तिमीहरूको परमेश्वर होइन।"

### परमप्रभु परमेश्वर प्रतिज्ञा गर्नुहुन्छ कि त्यहाँ धेरै इस्राएलीहरू हुनेछन

१०"भविष्यमा इस्राएली मानिसहरूको संख्या समुद्रको बालुबा झैं हुनेछ, तिमीहरूले बालुवालाई तौलन सक्तैनौ अथवा गन्ती गर्न सक्तैनौ। 'तिमीहरू मेरो मानिस होइनौ' भन्नु को सट्टामा, 'तिनीहरूलाई यो भनिने छ, तिमीहरू जीवित परमेश्वरको छोरा-छोरीहरू हौ।'

११तब यहूदाका अनि इस्राएलका मानिसहरू एकैसाथ भेला हुनेछन। तिनीहरूले आफ्ना निम्ति एकजना शासक रोज्नेछन। तिनीहरू त्यस जग्गाबाट फर्किनेछन जहाँ तिनीहरू कैद थिए। साँचै नै यिज्रेलका निम्ति महान कार्य हुनेछ।"

**२** "तब तिमीले आफ्ना दाज्यू-भाइहरूलाई भन्नेछौ, 'तिमीहरू मेरो मानिसहरू हौ।' अनि आफ्ना दिदी बहिनीहरूलाई पनि भन्नेछौ 'उहाँले ममाथि धेरै दया गर्नु भयो।'"

### परमप्रभुले इस्राएलका जातिहरूलाई भन्नुहुन्छ

२"तिम्री आमासित तर्क गर, किनभने तिनी मेरी पत्नी होइनन अनि म तिनको लोग्ने होइन। तिनलाई भन 'वेश्या जस्तो हुन छाड़। उसलाई आफ्नो स्तनबाट प्रेमीहरूदेखी टाड़ा राख्नु भन। ३यदि यस्तो कुकर्म गर्न छाड़िन भने म तिनलाई नाङ्गो बनाउँनेछु। म तिनीलाई तिनी जन्मेको क्षणको अवस्थामा पुऱ्याई छोड़िदिनेछु। म तिनका मानिसहरूलाई खोस्नेछु र तिनलाई रित्तो मरुभूमि जस्तै बनाउँनेछु। म तिनलाई तिर्खाले मारिदिनेछु। ४म उसका नानीहरूलाई कुनै दया देखाउँने छैन, कारण तिनीहरू सबै वेश्यावृतिबाट जन्मिएका नानीहरू हुन्। ५तिनकी आमाले वेश्यागमन देखाई। आफ्ना कुकर्ममा तिनीहरूकी आमाले शरम मान्नुपर्छ। तिनले भनिन्, 'म मेरा प्रेमीहरू* कहाँ जान्छु। मेरा प्रेमीहरूले खाना पिउन दिन्छन्। तिनीहरूले मलाई ऊनी कपड़ाहरू दिन्छन्। तिनीहरूले दाखमध भद्राक्षको तेल दिन्छन।'

६"यसकारण, म तिम्रो बाटो काँड़ाले बन्द गरिदिने छु। म पर्खाल पनि खड़ा गर्नेछु तब तिनले तिनको बाटो पाउन सक्ने छैनन। ७तिनी आफ्ना प्रेमीहरूको पछि लाग्ने छिन, तर तिनले उनीहरूलाई भेट्‌उने

---

**प्रेमीहरू** यसको अर्थ इस्राएलीहरूका झुटो भगवान्।

छैनन। तिनले उनीहरूलाई खोजी गर्ने छिन तर तिनले भेट्ने छैनन। तब तिनले भन्नेछिन, 'अब म मेरो पहिलो लोग्नेकहाँ फर्किनेछु। जब म उसित थिएँ मेरो जीवन असलकी थियो। अहिले जीवन भन्दा असल थियो।'

८"त्यो तिनीहरूलाई थाहा छैन म नै अन्न दाखरस र तेल दिने हुँ। मैले तिनलाई धेरै सुन र चाँदीहरू दिइहे। तर इस्राएलीहरूले मैले दिएकै सुन र चाँदीबाट बालका मूर्तिहरू बनाउँन थाले। ९यसकारण म फेरि फर्केर आउँछु अन्न पाक्ने समयमा र म सबै लान्छु। अंगुर पाक्ने समयमा म दाखरस फिर्ता लान्छु। म ऊनी र कपास लान्छु। मैले तिनीहरूलाई आफ्नो नाङ्गोपन ढाक्नेछन भनेर ती सब दिएको थिएँ। १०अब म तिनलाई नाङ्गो बनाउँनेछु। तिनी सर्वांग नाङ्गो हुनछिन, र तिनका प्रेमीहरूले देख्नेछन्। मेरो शक्तिको अघि कसैले तिनलाई बचाउन सक्नेछैन। ११म परमेश्वर, तिनको जम्मै आनन्द र खुशीहरू खोस्नेछु। म तिनको विश्रामका दिनहरू, पूर्णेका उत्सव र पार्थिव चाड़हरू बन्द गरिदिनेछु। १२दाख र नेभाराका रूखहरू नष्ट गरिदिनेछु। तिनले भन्थिन, 'मेरो प्रेमीहरूले यी सब दिन्छन।' तर म तिनको उद्यान जंगलमा परिणत गरिदिनेछु। जंगली पशुहरू आएर त्यस जंगलमा चर्नेछन।

१३"तिनले बालको देवताहरूको सेवा गर्छिन। यसैले म तिनलाई सजाय दिनेछु। तिनले बाल देवताको अघि धूप जलाउँछिन्। गर गहना लगाएर तिनले चिटिक्क पर्दै आफ्ना प्रेमीहरूसँग जाँदा मलाई भूल्थिन। परमप्रभुले यसो भन्नुभयो।

१४"यसकारण म तिनलाई मायालु शब्दहरू भन्ने छु। म तिनलाई मरूभुमिमा पुर्‍याउँछु र दयापूर्वक कुराहरू गर्छु। १५त्यहाँ तिनलाई दाखबारीहरू दिनेछु। म तिनलाई आशाको द्वार जस्तै आकोरको बेंसी दिनेछु। तब मलाई तिनले त्यस्तै जवाफ दिनेछन जस्तो मिश्रबाट आउँदा दिएका थिए।" १६परमप्रभु भन्नुहुन्छ।

"त्यस समयमा तिमीले मलाई 'मेरो लोग्ने भनी' बोलाउँनेछौ। तर तिमी मलाई 'मेरो बाल देवता' भन्ने छैनौ। १७म तिनको मुखबाट बाल नाउँलाई छिन्नेछु। त्यसपछि मानिसहरूले फेरि बालको नाउँ उच्चारण गर्नेछैनन।

१८"त्यस समय म इस्राएलीहरूका निम्ति एउटा करार गर्नेछु। जंगलका पशुहरूसित, आकासमा उड़िहिँड्ने चराहरूसित र जमीनमा घस्रिहिड़ने प्राणीसित। म युद्धका सम्पूर्ण धनु तरवार र हातहतियार नष्ट गरिदिनेछु। कुनै हतियार पनि यहाँ रहने छैन। म धरतीलाई सुरक्षित पार्नेछु यसर्थ इस्राएलका मानिसहरू शान्तिसित विश्राम गर्न सकुन। १९अनि म (परमेश्वर) तिमीलाई सधैंको निम्ति दुलही बनाउँनेछु। म तिमीलाई धर्म र न्यायपूर्वक दृढ़ प्रेम र माया गरेर दुलही बनाउँनेछु। २०म तिमीलाई मेरी विश्वास योग्य दुलही बनाउँनेछु। त्यसपछि तिमी साँचो अर्थमा परमप्रभुलाई जान्नेछौ। २१अनि त्यस समयमा म तिमीलाई उत्तर दिनेछु।"

परमप्रभु भन्नुहुन्छ, "म आकाशलाई भन्नेछु अनि उसले धरतीलाई पानी दिनेछ।

२२पृथ्वीले अन्न, दाखरस अनि तेल उप्जाउनेछ अनि यिज्रेलको आवश्यकताहरू पूरा गरिदिनेछ।

२३म तिनको धरतीमा धेरै बिऊहरू छर्नेछु अनि लोरूहामालाई म दया देखाउने छु। अनि लो-अम्मीलाई म भन्नेछु, 'तिमीहरू मेरा मानिसहरू हौ।' अनि तिनीहरूले मलाई भन्ने छन्, 'तपाईं हाम्रो परमेश्वर हुनुहुन्छ।'"

## होशेले गोमेरलाई दासत्वबाट मुक्त गर्ने

**३** त्यसपछि परमप्रभुले मलाई फेरि भन्नुभो, "गोमेरका धेरै प्रेमीहरू छन। तर तिमीले उसलाई प्रेम गरिरहनु पर्छ। किन? किनभने तिम्रो व्यवहार परमप्रभुको जस्तो हुनु पर्छ। परमप्रभुले इस्राएलका मानिसहरूलाई माया गर्नु हुन्छ अनि गरिरहनु हुन्छ। तर तिनीहरू चाहिँ अरू देवताहरूलाई पूजा गरिरहन्छन। अनि तिनीहरू दाखको रोटी खानु रूचाउँछन्।"

२यसैकारण मैले गोमेरलाई पन्ध्र सिक्क चाँदी र नौ बुशल* जौ दिएर किनेर ल्याएँ। ३तब मैले उसलाई भने, "तिमी मेरो घरमा धेरै दिन बस्नेछौ। तिमी वेश्या जस्तो हुनेछैनौ। तिमी अर्को लोग्ने मानिससित बस्नेछैनौ। अनि म तिम्रो पती हुनेछु।"

४यही प्रकारले, इस्राएलका मानिसहरू धेरै दिनसम्म राजा र नेता बिना रहनेछन। तिनीहरू बिना बलि र बिना स्मृति-पत्थर नै रहनेछन। तिनीहरूसित न एपोद न कुलदेवता नै रहनेछन। ५त्यसपछि इस्राएलका मानिसहरू फर्किने छन। तब परमप्रभु आफ्ना परमेश्वरको र राजा दाऊदको खोजीमा लाग्नेछन। अन्तमा तिनीहरू परमप्रभु र उहाँको उदारतातिर आउनेछन।

## परमप्रभु इस्राएलको विरुद्धमा क्रोधित हुनुहुन्छ

**४** हे इस्राएलका मानिसहरू! परमप्रभुको सन्देश सुन। परमप्रभुले यस देशमा बस्ने मानिसहरूलाई आफ्नो तर्क राख्नुहुन्छ, "यस देशमा मानिसहरूले साँचो अर्थमा परमेश्वरलाई चिन्दैनन। परमेश्वर प्रति सत्य र निष्ठावान पटक्कै छैनन। २मानिसहरू झूटो कसम खान्छन, असत्य बोल्छन्, हत्या र चोरी गर्छन। तिनीहरू व्यभिचारी छन् र जहीँ तहीँ सन्तानहरू जन्माई हिड़दछन्। हत्या माथि हत्या गरिरहन्छन। ३देश मृत मानिसको लागि विलौना गर्ने मानिस जस्तो भएकोछ यो देश अनि यसका सबै मानिसहरू कमजोर भएका छन्। वनका जनावरहरू, आकाशका चराहरू अनि समुद्रका माछाहरू

---

**नौ बुशल** अढ़ाई मुरी अर्थात 200 किलोग्राम जौ।

सम्म मरिरहेका छन। ४कसैले अरु मानिसलाई दोष
दिनु अथवा अर्काको दोष देखाउनु पर्दैन। हे पूजाहारी!
मेरो तिमीसित असहमति छ। ५तिमीहरूको पतन दिउँसो
हुनेछ। अनि राति, तिमीहरूसित अगमवक्ताहरूको पतन
हुन्छ। त्यसपछि म तिमीहरूकी आमालाई नष्ट गर्नेछु।
६"मेरा मानिसहरू ज्ञानको कमीले नष्ट भए, तर
तिमीहरूले सिक्ने इच्छा पनि राखेनौ। यसर्थ म तिमीहरूलाई
मेरा पूजाहारी बन्न दिँदिन। तिमीहरूले तिमीहरूका
परमेश्वरको व्यवस्था नै भूल्यौ। यसर्थ म तिम्रा
कुलहरूलाई भूलिदिनेछु। ७तिनीहरू अंहकारी भए।
मेरो विरूद्धमा तिनीहरूले पाप माथि पाप गर्दै नै रहे।
यसैले म तिनीहरूको महिमालाई लाजमा परिवर्तन
गरिदिनेछु।
८"पूजाहारीहरूले मानिसहरूले पाप गरे पछि चढ़ाएका
बलिहरू खान चाहन्छन्। यसैकारण तिनीहरू मानिसहरूले
धेरै-धेरै पाप गरून भन्ने चाहन्छन्। ९यसैले पूजाहारीहरू
र साधारण मानिसहरूमा केही भिन्नता छैन। म तिनीहरूलाई
तिनीहरूको कर्मका निम्ति सजाय दिनेछु। तिनीहरूले
जुन नराम्रो काम गरेका छन् त्यसको बदला चुकाएर
छोड्नेछु। १०तिनीहरूले खान त खान्छन तर त्यसमा
तिनीहरूलाई सन्तुष्टि हुँदैन। तिनीहरू संभोग त गर्छन
तर तिनीहरूको संतान हुँदैन। यो किन? किनकि
तिनीहरूले यहोवालाई त्यागे र वेश्याहरू जस्तै भए।
११"व्यभिचार, नयाँ दाखरस र दासत्वले कुनै पनि
मानिसको राम्रो सोच्ने शक्ति नष्ट पारिदिन्छ। १२हेर!
मेरा मानिस दाउराको टुक्रा काठको मूर्तिबाट सम्पति
माँग्दैछन्। तिनीहरू यो सोच्छन कि यही छड़ीले उत्तर
दिन्छ। यस्तो किन भयो? यस्तो यसकारण भयो कि
तिनीहरू वेश्याहरू समान भूटा देवताहरूको पछि लागी
रहन्छन। तिनीहरूले आफ्नो परमेश्वरलाई त्यागे अनि
वेश्याहरू जस्तै बनिए। १३तिनीहरू पहाड़को टाकुरामा
बलि चढ़ाउँछन। पहाड़को टाकुरामा तिनीहरू फलाँट र
पहाड़ी पिलपलको रूखमुनि धूप बलि चढ़ाउँछन्। ती
रूखहरू मुनि शीतल छाया हुन्छ। यसैकारण, तिम्रा
छोरीहरू वेश्याहरू जस्तै ती रूखहरू मुनि सुत्छन् अनि
तिम्रा बुहारीहरूले व्यभिचार गर्छन।
१४"म तिम्रा छोरीहरूलाई दण्ड दिनेछैन जब तिनीहरू
वेश्या जस्तो व्यवहार गर्छन अथवा तिम्रा बुहारीहरू
व्यभिचार गर्छन। किनभने मानिसहरू आफै मन्दिरका
देवदासीसंग बलि चढ़ाउँदछन। यसकारण ती मूर्ख
मानिसहरू नष्ट हुनेछन।

## इस्राएलको लज्जापूर्ण पापहरू

१५"हे इस्राएल! तैंले एक वेश्या समान व्यवहार गरे
तापनि यहूदा दोषी नहुन, न तर तिमीहरू गिलगालमा
आऊ, न वेतावनमा आऊ, 'न परमप्रभुको जीवनको
शपथ खाऊ।' १६इस्राएल साह्रै अट्टेरी छ। यसर्थ, के
परमप्रभुले तिनीहरूलाई खुल्ला खर्कमा भेड़ा झैं खुवाउनु
पर्छ? होइन! १७एप्रैम मूर्तिहरूको साथी भएको छ।
त्यसलाई एक्लै छोड़िदेऊ।
१८"एप्रैम जँड़ियाहरूको दलमा सामेल भयो।
तिनीहरूलाई वेश्यावृति गर्नु दिऊँ। तिनीहरू लाजमर्दो
रक्षाकहरूलाई रुचाउँछन।
१९तिनीहरू सुरक्षाको लागि ती देवताहरूकहाँ गए र
तिनीहरूले सोच्ने क्षमता गुमाएकाछन।* तिनीहरूको
वलिदानले तिनीहरूलाई लज्जित उत्पन्न गरायो।"

## अगुवाहरूले इस्राएल अनि यहूदालाई पाप गर्न लगाए

५ "हे पूजाहारीहरू! हे इस्राएलका कुलहरू! तथा
राजाका कुल हो! मेरो कुरा ध्यान दिएर सुन,
किनभने न्यायको फैसला तिमीहरूको विरूद्धमा छ।
"किनभने तिमीहरू मिस्पामा पासो र ताबोरका जाल
भएकाछौ। २शित्तीमका खाल्डाहरू तिनीहरूले खुब
गहीरा पारेकाछन। तर म तिनीहरू सबैलाई दण्ड
दिनेछु।
३म एप्रैमलाई चिन्दछु औ इस्राएल मबाट लुकेको
छैन। हे एप्रैम! तैले व्यभिचार गरिस। इस्राएल अशुद्ध
भएकोछ।
४तिनीहरूका कामले तिनीहरूलाई आफ्ना परमेश्वर
तिर फर्कन दिनेछैन, किनकि व्यभिचारी मन तिनीहरूको
बीचमा छ र तिनीहरूले परमप्रभुलाई चिन्दैनन। ५इस्राएलको
अहंकारले आफ्नै विरूद्धमा सबूत दिन्छ। यसकारण,
एप्रैम र यहूदा दुवै आ-आफ्नो दोषसित ठोकिनेछन।
६"तिनीहरू आफ्ना 'भेड़ा-बाख्रा' र 'गाई गोरू' लिएर
परमप्रभुलाई खोज्न आउँछन्, तर तिनीहरूले उहाँलाई
पाउनेछैनन्। उहाँ तिनीहरूदेखि हट्नु भएको छ।
७तिनीहरूले परमप्रभुको विरूद्धमा विश्वासघात गरेकाछन।
किनकि तिनीहरूले बतासे छोरा-छोरीहरू जन्माएका
छन्। यसर्थ उसले तिनीहरू र तिनीहरूका जमीनहरू
नष्ट पार्नेछ।

## इस्राएलीहरूको पतन हुने अगमवाणी

८"गिबामा सिंग अनि रामामा तुरही फुक। बेतावनमा
खतराको घन्टी बजाऊ। हे बिन्यामीन, थरथर होऊ।
९दण्डको दिनमा एप्रैम उजाड़ हुनेछ। जे कुरो
निश्चय हुनेवाला छ त्यो इस्राएलका सारा कुलहरूलाई
मैले जनाएको छु।
१०यहूदाका शासकहरू ती मानिसहरू जस्तै हुन जो
आफ्नो सीमा रेखा बढ़ाउछन्। म मेरो रिस तिनीहरूमाथि
पानी झैं खन्याउनेछु।

---

**तिनीहरु … छन** हावाले तिनीहरूलाई त्यसको पखेचमा
बोकेको छ। अथवा हावाले तिनीहरूलाई यसको पखेचामा
जोड़ले समातेर राख्यो। यो श्लोक हिब्रूमा बुझ्नु गाह्रो छ।

११एप्रैम कष्टमा परेको छ, मेरो न्यायमा त्यो चूर्ण भएको छ, किनभने व्यर्थका कुरा पछि लाग्न त्यसले निश्चय गर्‍यो।

१२अत: म एप्रैमलाई नाश पार्ने एउटा कीरा अनि यहूदाको घरको निम्ति क्षय जस्तो हुँ।

१३जब एप्रैमले आफ्नो रोग देख्यो र यहूदाले आफ्ना चोट देख्यो तब एप्रैम अश्शूरकहाँ गयो, त्यसले ठूलो राजाकहाँ मानिस पठायो। तर त्यसले तिमीलाई निको पार्न सक्तैन। न त त्यसले तिम्रो चोटलाई जाती पार्न सक्नेछ ।

१४किनभने म एप्रैमका निम्ति एउटा सिंह अनि यहूदाको घरको निम्ति एउटा सिंहको बच्चा जस्तो हुनेछु। म आफै तिनीहरूलाई टुक्रा-टुक्रा पार्नेछु। म तिनीहरूलाई उठाएर लानेछु। अनि तिनीहरूलाई बचाउँने कोही हुनेछैन।

१५जबसम्म तिनीहरूले आफ्ना अपराध स्वीकार गरेर मेरो उपस्थितिको खोजी गर्दैनन तब सम्म म फर्केर आफ्नै ठाँउमा जानेछु। आफ्नो कष्टमा तिनीहरूले मलाई यसो भन्दै खोज्नेछन।"

## परमप्रभु तर्फ फर्कि आउँनेको पुरस्कार

६ "आऊ, हामी परमप्रभुतिर फर्कौं किनभने उहाँले हामीलाई घायल पार्नु भएकोछ र उहाँले नै हामीलाई निको पार्नुहुनेछ। उहाँले चोट पार्नु भएकोछ, र उहाँले नै हामीलाई मलहम पट्टी बाँध्नु हुनेछ।

२दुई दिनपछि उहाँले हामीलाई पुनर्जीवित पार्नु हुनेछ अनि तेस्रो दिन उहाँले हामीलाई माथि उठाउनु हुनेछ। हामी उहाँकै अघि जिउँदो हुनेछौं।

३आऊ, हामी परमप्रभुलाई चिनौं, हामी परमप्रभुलाई चिन्ने प्रयन्त गरिरहौं। उहाँको आगमन प्रभात झैं निश्चय छ। उहाँ हामीकहाँ जमीनलाई भिजाउने आखिरी वर्षा झैं आउन हुनेछ।"

## मानिसहरू विश्वास योग्य छैनन

४"ए एप्रैम, म तिमीलाई के गरूँ? ए यहूदा म तिमीलाई के गरूँ? किनकि तेरो प्रेम बिहानको कुइरो जस्तै र बिलिने शीत जस्तै छ।

५यसैकारण मैले तिनीहरूमाथि अगमवक्ताद्वारा बञ्चरो चलाएकोछु। मैले तिनीहरूलाई मेरो मुखको वचनद्वारा घात गरेकोछु। मेरो न्यायहरू ज्योति झैं प्रकट हुनेछन।

६किनभने म अमर प्रेम चाहन्छु बलिदान होइन अनि म चाहन्छु मानिसहरूले बल्दै गरेको बलि ल्याउनु भन्दा परमेश्वरलाई बेशी जानुन।

७तर तिनीहरूले ता आदमले जस्तै करार भङ्ग गरे। त्यसैमा तिनीहरूले मेरो विरूद्धमा विश्वासघात व्यवहार देखाए।

८गिलाद अधर्मीहरूको शहर हो। त्यो रगतले भरिएको छ।

९जसरी डाँकूहरूले मानिसलाई ढुकिबस्छन त्यसरीनै पूजाहरीहरूले गट्ठा बाँधेका छन्। तिनीहरूले शकेम जाने बाटोमा हत्या गर्दछन। निश्चय तिनीहरूले महा-अपराध गरेकाछन।

१०इस्राएलको कुलमा मैले घिनलाग्दो कुरो देखेको छु, एप्रैमको वेश्यावृत्ति त्यहाँ छ। इस्राएल अशुद्ध भएको छ।

११ए यहूदा तिम्रा निम्ति पनि कटनीको समय तोकिएको छ। त्यो हुनेछ जब म मेरो प्रजाको सुदिन फर्काउनेछु।"

७ "जब म इस्राएललाई निको पार्छु, तब एप्रैमको दुष्टता र सामरियाको कुकर्म उदाङ्गो हुनेछन, किनभने तिनीहरूले दुर्व्यवहार गरे। चोरहरूले घर फोर्छन अनि लुटेराहरू बाटोमा लुटपाट गर्छन।

२तर म तिनीहरूका सबै दुष्टकाम याद राख्दछु भनी तिनीहरू आफ्ना हृदयमा विचार गर्दैनन। अब तिनीहरूको आफ्नै कालले तिनीहरूलाई घेरेर राखेको छ। ती कामहरू मेरै सामने छन।

३तिनीहरू आफ्ना दुष्ट कामले राजालाई र मालिकहरूलाई झूटा कुराले खुशी तुल्याउँछन।

४तिनीहरू सबै व्यभिचारी हुन। तिनीहरू रोटी पकाउनेले तातो पारेका तावा जस्तै छन। त्यसले पीठो मुछेको समयदेखि त्यो रोटी नपाकुन्जेल आगो चलाउँदै मिलाउँदै चलाउँदै गर्छ।

५हाम्रा राजाको उत्सवको दिनमा अगुवाहरू ज्यादै पिएर मात्छन। अनि राजा गिल्ला गर्नेहरूसित मिल्नु हुन्छ।

६ढुकेर बस्दा तिनीहरूको मन चुलो जस्तै जल्दछ, किनकि चुलो जस्तै तिनीहरूका हृदय छल-युक्तिले जल्दछ। रातभरि तिनीहरूका रिस दन्किरहन्छ, बिहान त्यो जल्दै गरेको आगोझैं हुन्छ।

७तिनीहरू सबै चुलो झैं तातिन्छन र आफ्ना शासकहरूलाई भस्म पार्छन। तिनीहरूका सबै राजाहरू मारिए। तिनीहरू मध्ये कसैले पनि मेरो दोहाई गर्दैन।"

## इस्राएलले जान्दै यो नष्ट हुनेछ

८"एप्रैम चाँहि अन्यजातिका बीचमा मिसिन्छ। एप्रैम एकापटि मात्र पाकेको रोटी जस्तै छ।

९पराई मानिसहरूले त्यसको बललाई नाश पारे, तर त्यसलाई यो याद छैन। त्यसका टाउकोमा फाट-फूट फूलेका केश देखिनलागे, तर त्यसलाई त्यो थाहा छैन।
१०इस्राएलको अहंकारले आफ्नै विरूद्धमा साक्षी दिन्छ, तापनि तिनीहरू परमप्रभु आफ्ना परमेश्वर तिर फर्कदैनन न उहाँको खोजी गर्दछन।

११एप्रैम बुद्धि नभएको मूर्ख ढुकुर जस्तै छ। मिश्रदेशलाई तिनीहरू पुकारा गर्छन, अश्शूरमा तिनीहरू जान्छन्।

१२जब तिनीहरू जान्छन, म तिनीहरूमाथि आफ्नो जाल फिजाउँनेछु, म तिनीहरूलाई आकाशका चराहरूलाई जस्तै तल झार्नेछु। अरू राष्ट्रहरूसंग सन्धि गरेकोमा म तिनीहरूलाई दण्ड दिनेछु।

१३तिनीहरूलाई धिक्कार! किनभने तिनीहरू मबाट तर्किएर गए। तिनीहरूमाथि विनाश आवोस। किनभने तिनीहरू मेरो विरूद्धमा गए। मैले तिनीहरूलाई बचाउँने थिएँ, तर तिनीहरू मेरो विरूद्धमा ढाट्न्छन।

१४तिनीहरू हृदयबाट मलाई बोलाउँदैनन, तर तिनीहरू आफ्नो ओछ्यानमा विलाप गर्दछन। तिनीहरू अन्न र दाखरसका निम्ति भेला हुन्छन् तर तिनीहरू मदेखि टाढ़ा भाग्छन।

१५यद्यपि मैले तिनीहरूलाई शिक्षा दिएँ र तिनीहरूका पाखुरा बलियो बनाएँ, तापनि तिनीहरू मेरो विरूद्धमा युक्ति गर्दछन।

१६तिनीहरू "देवताहरूपट्टि फर्कन्छन् जो वास्तविक देवताहरू होइनन। "तिनीहरू काठको प्रत्यावर्ती क्षेप्यास्त्र जस्तै हुन। तिनीहरूका अगुवाहरू तिनका क्रोघ पूर्जा वचनले गर्दा तरवारले मारिनेछन्। मिश्रदेशमा तिनीहरूलाई खिसी गरिइएको" कारण यही हो।

## मूर्ति पूजाले नाश गराउँछ

८ "तुरही फुक! परमप्रभुको मन्दिरमाथि एउटा चील उड़िरहेकोछ। किनभने तिनीहरूले मेरो करार भङ्ग गरे र मेरो सम्झौताको विरूद्धमा अपराध गरे। २तिनीहरूले मसित चिच्याएर भन्छन, 'हे हाम्रा परमेश्वर हामी इस्राएलीहरूले तपाईंलाई चिन्दछौ।' ३जे भलो छ त्यो इस्राएलले फालिदिएकोछ। बैरीले त्यसलाई खेद्नेछ।

४तिनीहरूले राजाहरू नियुक्त गरे, तर मेरा अनुमोदन लिएनन। तिनीहरूले राजकुमारहरू नियुक्त गरे, तर मानिसहरूलाई म चिन्दिन। तिनीहरूले सुन र चाँदीका मूर्तिहरू आफ्ना निम्ति बनाए, अत: तिनीहरूलाई ध्वंश गरिनेछ। ५ए सामारिया, मैले तिम्रो बाछा मिल्काइ दिएँ! 'मेरो रीस तिनीहरूको विरूद्धमा दन्केको छ!' तिनीहरू कहिलेसम्म अशुद्ध रहनेछन? ६एकजना इस्राएली कारीगरले बाछा बनायो। त्यो परमेश्वर होइन। निश्चय नै सामरियाको बाछालाई टुक्रा-टुक्रा पारिनेछ। ७तिनीहरू बतास छर्दछन र तिनीहरूले भवँरी कटनी गर्नेछन। तिनीहरूको फसल केही रहनेछैन। त्यसको डाँठमा केही दाना लाग्नेछैन। पसाइहाले तापनि विदेशीहरूले खाइहाल्नेछन्।

८इस्राएल नष्ट भयो। अब तिनीहरू जाति-जातिहरूका बीचमा बेकामको भाँड़ा जस्तै भएका छन।

९वन-गधा आफै एक्लै हिंड़िरहे झैं तिनीहरू अश्शूरमा गए। एप्रैमले आफ्नो निम्ति 'ज्यालामा' नाठाहरू राखेको छ।

१०अन्य जातिहरूलाई तिनीहरूले 'ज्यालामा' राखे तापनि म तिनीहरूलाई अब चाँड़ै जम्मा गर्नेछु, राजा र भारादारहरूलाई अभिषेक गर्न केही समयका निम्ति तिनीहरू रोकिन्छन।

## इस्राएलले परमेश्वरलाई भूले र मूर्तिहरूलाई पूजे

११एप्रैमले पाप गर्नलाई वेदीको संख्या बढ़ायो। ती त्यसको निम्ति पाप गर्ने वेदीहरू भए।

१२मैले त्यसका निम्ति मेरो व्यवस्थामा लाखौं विधिहरू लेखें तापनि ती कुरा बीराना ठानिनेछन।

१३मेरो भेटीको लागि तिनीहरूले मासु चढ़ाउँछन र खान्छन, तर परमप्रभुले तिनीहरूलाई ग्रहण गर्नुहुन्न। अब उहाँले तिनीहरूलाई तिनीहरूको पापको निम्ति दण्ड दिनुहुनेछ। तिनीहरूलाई मिश्रमा नै फर्काइँनेछ।

१४किनभने इस्राएलले आफ्ना सृष्टिकर्त्तालाई बिर्सेर महलहरू बनायो औ यहूदाले चाँहि पर्खाल भएका शहरहरूको संख्या बढ़ायो। तर म तिनीहरूका शहरहरूमा आगो लगाइदिनेछु र त्यसले त्यसका महलहरू भस्म पार्नेछ।"

## निर्वासितको निम्ति खिन्नता

९ हे इस्राएल, तिमी अरू देशका मानिसहरूले मनाए जस्तै खुशी नमनाऊ। तिमी खुशी न हौ किनभने तिमीले आफ्ना परमेश्वरलाई त्यागेर वेश्यावृत्ति गर्न लागेको छौ। तिमीले प्रत्येक खलोमा* वेश्यावृत्ति गरेको छौ। २किनकि त्यो खेतमा उब्जेको अन्नले इस्राएललाई प्रर्याप्त भोजन दिन सक्दैन। इस्राएलका निम्ति दाखरस पनि प्रर्याप्त छैन।

३इस्राएलका मानिसहरू परमप्रभुको देशमा बस्ने छैनन्। एप्रैम मिश्रदेशमा फर्किजानेछ। अश्शूरमा उनीहरूले यस्तो खाना खाने छन् जुन खाना उनीहरूले नखानु पर्नेथियो। ४इस्राएलका मानिसहरूले परमप्रभुलाई अर्धको रूपमा दाखरस चढ़ाउने छैनन। न त उनीहरूले बलि नै चढ़ाउँन पाउनेछन। यो बलिदान उनीहरूको निम्ति मरेकाहरूका निम्ति शोक गर्ने रोटी जस्तै हुनेछ। त्यो खानेहरू सबै अशुद्ध हुनेछन। परमप्रभुको मन्दिरमा उनीहरूको त्यो रोटी जान पाउँदैन। उनीहरूसंग त्यति मात्र रोटी हुन्छ जसले उनीहरू मात्र जीवित रहन सक्छन। ५महापरमप्रभुको पवित्र सभाको दिन अनि परमप्रभुको चाड़ मनाउँदा तिमी के गर्न जाँदैछौ?

६इस्राएलीहरू पूर्ण रूपले ध्वंश हुने डरले भाग्नेछन, तर मिश्रदेशले तिनीहरूलाई बटुल्नेछ। अनि मोपका मानिसहरूले तिनीहरूलाई गाड्नेछन्। तिनीहरूको बहुमूल्य

**खलो** खेतमा धान दाईगर्ने ठाउँ।

चाँदीका वस्तुहरूको वरिपरि झारपात उम्रनेछ। तिनीहरूका पालहरूमा काँढ़ा उम्रनेछ।

### इस्राएलले साँचो अगमवक्तालाई नकारे

७अगमवक्ता भन्छन, "हे इस्राएल यो कुराहरूलाई बुझि राख, दण्ड दिने समय आएको छ। जुन नराम्रो कामहरू तिमीले गरेको छौ त्यसको भोग गर्ने समय आएको छ।" किनकि इस्राएलीहरू भन्छन, "अगमवक्ता मूर्ख छ र परमेश्वरको आत्मा भएको मानिस चाँहि बौलाह सरह छ।" अगमवक्ता भन्छन तिम्रो नराम्रो कामको लागि तिमीलाई दण्ड दिइनेछ। तिम्रो धृणित कामको निम्ति तिमीलाई दण्ड दिईनेछ।" ८परमेश्वर र अगमवक्ताको प्रजामाथिबाट एप्रैमको रखवाली गर्ने हो। किनकि उसको सबै बाटोमा शिकारी पासो थापिएकोछ, अनि उसको परमेश्वरको भवनमा त्यसप्रति दुश्मनी छ। ९गिबाका दिनमा झैं तिनीहरू आफैले आफैलाई साहै भ्रष्ट पारेकाछन। परमप्रभुले इस्राएलीहरूको पापको सम्झना गर्दै तिनीहरूको पापकोलागि दण्ड दिनुहुन्छ।

### मूर्ति पूजा द्वारा इस्राएलको विनाश

१०उजाड़ जमीनमा कसैले अँगूर पाए झैं मलाई इस्राएल पाउनु थियो। तिमीहरूको पिता-पुर्खा मैले यसरी भेट्टाए जसरी पहिलो ऋतुमा कसैले नेभाराको पहिलो फल प्राप्त गर्छ। तर तिनीहरू बाल पोरकोमा गए र बाल देवताकहाँ आफूलाई अर्पण गरे। कुनै सड़ेको घिनलाग्दो सामान जस्तो भए। उनीहरूले जुन भयानक वस्तुलाई प्रेम गर्थे त्यस्तै भए।

### इस्राएलीहरूका छोरा-छोरीहरू

११इस्राएलको वैभव कतै त्यसरी उड़िजाने छ जसरी जुनै पक्षी उड़िजान्छ। तिनीहरूमा न त कुनै जन्म न कोही गर्भवती न गर्भधारण हुनेछ। १२तर इस्राएलीले छोरा-छोरी पाएर हुर्काए तापनि एउटै बालक पनि नरहने गरि म तिनीहरूलाई निसन्तान तुल्याउने छु, म उनीहरूलाई त्यागिदिने छु अनि विवादमा फसाउँनेछु।

१३एकसमय एप्रैमको विषयमा मैले हरियो चौरमा रोपेको कलिलो खुजूरको रूख जस्तौ सोचेको थिएँ। तर अहिले एफ्रैमले छोराहरूलाई मार्नको लागि डोऱ्याउनेछ। १४हे परमप्रभु! तपाईले उनीहरूलाईं जे चाहनुहुन्छ त्यो उनीहरूलाई दिनुहोस। उनीहरूलाई एउटा यस्तो गर्भ दिनुहोस् जुन तुयोस् र स्तन पनि यस्तो दिनुहोस जसद्वारा दूध खुवाउनु नसकोस्।

१५तिनीहरूको सबै दुष्टता गिगालमा छ। त्यही मैले तिनीहरूलाई धृणा गर्न शुरू गरें। म तिनीहरूलाई तिनीहरूको कुकर्मले गर्दा मेरो राजमहलबाट मिल्काई दिनेछु। म तिनीहरूलाई फेरि कहिल्यै पनि प्रेम गर्ने छैन। तिनीहरूका सबै अगुवाहरू बागी भए।

१६एप्रैमलाई दण्ड दिइनेछ, तिनीहरूको जरा सुकि हाल्यो। तिनीहरूमा फल लाग्नेछैन उनीहरूको अब धेरै सन्तान हुने छैनन। यदि तिनीहरूले सन्तान जन्माए पनि म तिनीहरूका प्रिय बालकहरूको हत्या गरिदिने छु, जो तिनीहरूबाट जन्मलिनेछन।

१७मेरा परमेश्वरले तिनीहरूलाई अस्वीकार गर्नुहुनेछ, किनभने तिनीहरूले उहाँलाई सुनेन्। तिनीहरू फेरि अरु देशहरूमा बरालिनेछन्।

### इस्राएलको सम्पत्तिले तिनीहरूलाई मूर्ति पूजा गरायो

१० इस्राएल त्यो दाख जस्तै छ जसले प्रशस्त मात्रमा फल दिन्छ। तर इस्राएलले झूटा देवत्हरूको निम्ति विभिन्न प्रकारको वेदीहरू बनाइरह्यो। भूमि जति राम्रो बनियो त्यति नै तिनीहरूले अपवित्र आफ्ना झूटो देवताहरूका निम्ति पत्थरहरू लगाए।

२इस्राएलको मानिसहरूको हृदय झूटो छ। अब तिनीहरूले आफ्नो अपराधको दण्ड भोग्नै पर्छ। परमप्रभुले तिनीहरूका स्मारक-ढुङ्गाहरू नाश पार्नु हुनेछ। उहाँले तिनीहरूका वेदीहरू भत्काउनु हुनेछ।

### इस्राएलीहरूका दुष्ट निर्णयहरू

३अब इस्राएलीहरूले भन्नेछन्, "न त हाम्रो कुनै राजा छ न त हामी परमप्रभुलाई मान्छौ अनि उनका राजाले हामीलाई केही पनि गर्न सक्नुहुन्न।"

४तिनीहरू प्रतिज्ञा गर्छन। तर तिनीहरू केवल झूटो बोल्छन। तिनीहरू आफ्नो प्रतिज्ञा पूरा गर्दैनन। अत: तिनीहरूले जोतेका खेतमा उम्रिएको विषालु झारपात जस्तै विवाद बढ्छ।

५सामरियाका बासिन्दाहरू बेतावनमा डराउँदै बाछाको पूजा गर्छन। यस्ता मानिसले वास्तवमा विलाप गर्नुपर्छ। यस्ता पूजाहारीहरू वास्तवमा विलाप गर्छन, किनकि उसको राम्रो मूर्ति हराएको हुन्छ। कसैले उठाएर लगेको हुन्छ। ६त्यस मूर्तिलाई अश्शूरको महान राजालाई उपहारका निम्ति लगिएको हुन्छ। एप्रैमको लज्जित मूर्ति वहाँ लगिने छ। इस्राएल चाँहि आफ्नै मूर्तिमा लज्जित हुनुपर्नेछ। ७सामरियाका राजाहरूलाई नष्ट गरीर्नेछु। उ पानीमाथि बग्ने काठको टुक्रा जस्तै हुनेछन।

८इस्राएलले पाप गर्‍यो अग्लो अग्लो स्थानमा मूर्ति निर्माण गर्‍यो। आवेनको अग्लो स्थान नष्ट गरिदिइनेछ। त्यसको वेदीहरूमाथि काँढ़ा र बनमाराहरू उम्रनेछन् र त्यही बेला तिनीहरूले पर्वतहरूलाई भन्नेछन, "हामीलाई ढाक!" अनि डाँड़ाहरूलाई भन्नेछन, "हामीमाथि खस।"

### इस्राएलाई पापको निम्ति तिर्नेछ

९हे इस्राएल, तिमीले गिबाको समयदेखि पाप गर्न शुरू गर्‍यौ अनि तिनीहरू अझै त्यहाँ पाप गरिरहेका छन्। गिबाले अहिले पनि त्यही दुष्टकाम र पाप

गर्दैछ। १०तिनीहरूलाई दण्ड दिन ‘म’ आउनेछु। तिनीहरूको
विरूद्ध सेनाहरू एक भएर आउनेछन। इस्राएलले
आफ्नो दुइवटा पापको निम्ति दण्ड भोग्नु पर्नेछ।
११एप्रैम एउटा तालिम पाएको बाछा जस्तै थियो जो
खलाको अन्नमाथि हिड़्न मन पराउँछ। म त्यसको
काँधमा राम्रो जुवा राख्नेछु। म एप्रैमलाई डोरीले बाँध्नेछु
अनि यहूदाले हलो जोत्नेछ। याकूबले स्वंय डल्लाहरू
फोर्नेछ। १२धर्म रोप तब तिमीले स्थिर मायाको बाली
उठाउनेछौ। खेत आफैले जोत। यो परमप्रभुलाई खोज्ने
समय हो। उहाँ आउनु हुनेछ अनि तिमीमाथि धर्म
बर्साउनु हुनेछ।
१३तर तिमीहरूले दुष्टताको बीऊ रोपेकाछौ अनि
तिमीहरूले अन्यायको बाली उठाएकाछौ। तिमीहरूले
झूटो फल खाएकाछौ किनभने तिमीहरूले आफ्नै
योजना र आफ्नो विशाल संख्याका योद्धाहरूमाथि
भरोसा राख्यौ। १४यसैकारण तिमीहरूका सेनाहरूको
बीच युद्धका निम्ति खैलाबैलाको स्वर सुनिनेछ, अनि
तिम्रो सेनाको किल्लाहरू नष्ट हुनेछन। यो त्यस्तै हुनेछ
जस्तो बेतबेल नगरमा युद्धको समय शल्मनले नष्ट
पारिदिएको थियो। युद्धको समयमा आफ्ना नानीहरूसंगै
आमाहरूको पनि हत्या गरिदिएको थियो। १५बेतेलमा
तिमीहरूलाई पनि यस्तै हुनेछ किनकि तिमीले धेरै नै
कुकर्महरू गरेकाछौ। त्यस दिनको शुरूवात हुँदा हुँदै
इस्राएलको राजा पुरै नष्ट हुनेछन्।”

## इस्राएलहरूले परमप्रभुलाई भल्यो

**११** परमप्रभुले भन्नुभयो, “जब इस्राएल बालक
थियो मैले त्यसलाई प्यारो गरें। तब मैले
आफ्नो छोरालाई मिश्रदेशबाट बोलाएँ।
२तर जति जति मैले इस्राएलीहरूलाई बोलाएँ, त्यति
त्यति तिनीहरू मबाट टाढ़ा भए। तिनीहरूले बाल
देवताहरूलाई बलि चढ़ाँइरहे। उनीहरूले मूर्तिको अगाड़ी
धूप जलाए।
३“एप्रैमलाई मैले हिड़्न सिकाए। इस्राएललाई मैले
आँगमा बोकें अनि मैले नै तिनीहरूलाई निको पारें।
तर यी सबै कुरा तिनीहरू जान्दैनन।
४मैले तिनीहरूलाई प्रेमको डोरी मायाको
बन्धनले बाँधेर डोर्‍याएँ। म त्यस्तो व्याक्ति थिए जसले
उनीहरूलाई स्वतंत्र गराएँ, म निउरेर उनीहरूलाई खाना
खुवाए।
५“तर इस्राएलीहरूले परमेश्वर तर्फ जान अस्वीकार
गरे। तिनीहरू फर्किएर मिश्र जाने छैनन, सट्टामा
अश्शूरका राजा नै तिनीहरूका राजा हुनेछन। ६उनीहरूका
शहरमाथि तरवार झुण्डाई दिइनेछ। यही तरवारद्वारा
उनीहरूका शक्तिशाली मानिसहरूलाई वध गरिनेछ।
उनीहरूको मुखियाहरूको काम नष्ट गरिइन्छ।
७“मेरो प्रजाहरू फर्कने आशा गर्छन उनीहरू माथिका
परमेश्वरलाई पुकार्छन तर परमेश्वरले उनीहरूलाई सहायता
गर्नु हुँदैन।”

## परमप्रभुले इस्राएललाई नष्ट गर्न चहानुहुन्न

८“हे एप्रैम म तिमीलाई कसरी छोड़िदिऊँ? ए
इस्राएल म तिम्रो रक्षा गर्न चाहँन्छु। म तिमीलाई कसरी
अदमा जस्तै तुल्याऊँ! म चाहँदिन कि तिमीलाई
सबोयीम जस्तै बनाऊँ। म आफ्नो मन बद्‌ली रहेछु,
तिमी प्रति दयाले मन पग्लिरहेछ।
९म मेरो प्रचण्ड रिसलाई जित्न दिनेछैन्। म फेरि
एप्रैमलाई नष्ट पार्नेछैन। म त परमेश्वर हुँ, म कुनै
मानिस होइन्। म तिनीहरू माझ एक पवित्र छु। म
आफ्नो रिस देखाउँनेछैन।
१०म सिंह जस्तै गर्जने छु, म गर्जन्छु अनि मेरा
संन्तान मसंग आउने छन्, र मेरो पछि पछि हिड़्नेछन्।
मेरा सन्तानहरू डरले थर-थर काम्दै पश्चिमबाट आउनेछन्।
११तिनीहरू चरा जस्तै वेगसित मिश्र देशबाट आउनेछन।
तिनीहरू अश्शूरको भूमिबाट ढुकुर जस्तै आउनेछन
अनि म तिनीहरूलाई घरमा पठाउनेछु।” परमप्रभुले यो
भन्नु भयो।
१२“एप्रैमले मलाई झूटो देवताहरूले छोपिकोछ।
इस्राएलका मानिसहरूले मेरो विरोधमा षड्यंत्र रचे। तर
यहूदा अहिले सम्म परमेश्वरसँग छ। यहूदा पवित्र र
साँचो छ।”

## परमप्रभु इस्राएलको विरुद्धमा हुनुहुन्छ

**१२** एप्रैमले आफ्नो समय नष्ट गर्छ। “इस्राएल
दिनभरि हावाको पछि पछि भागिहिड़्छ। प्रजाहरू
ज्यादा भन्दा ज्यादा झूटो बोल्छन, र चोरी गर्छन।
तिनीहरूले अश्शूरहरूसंग सन्धिगर्छन अनि आफ्नो
भद्राक्षको तेल मिश्र देश लिएर जान्छन।
२परमप्रभु भन्नुहुन्छ, “मेरो तर्क यहूदाको विरुद्धमा
छ। याकुबलाई उसले गरेको कार्मका निम्ति दण्ड
दिनुपर्छ। उसलाई उसले गरेको कुकर्मका निम्ति निश्चय
नै दण्ड दिनुपर्छ। ३जब याकूब आफ्नो आमाको गर्भमा
थियो, अनि गर्भमा हुँदै उसले आफ्नो दाज्यूलाई छल्न
शुरू गर्‍यो। याकूब एकजना शक्तिशाली युवक थियो
अनि त्यसै समय उसले परमेश्वरसँग कुश्ती लड़्यो।
४याकूबले परमेश्वरका स्वर्गदूतसित युद्ध गर्‍यो अनि उ
विजय भयो। उ रोयो अनि दयाको निम्ति विन्ति गर्‍यो।
यो घटना बेतेलमा भएको थियो, त्यहाँ उसले परमेश्वरसंग
बातचीत गर्‍यो। ५यहूवा सेनाहरूका परमेश्वर हुनुहुन्छ।
उहाँको नाउँ यहूवा हो। ६यसकारण आफ्नो परमेश्वरतिर
आऊ। उहाँ प्रति साँचो होऊ। राम्रो कर्म गर।
परमेश्वरमाथि सधैं निर्भर गर।
७“याकूब एक व्यापारी हो। उ आफ्नो साथीहरू
समेतलाई ठग्छ। उसको तराजु झूटो छ। ८एप्रैम

भन्छ, 'म धनी छु। मैले साँचो धन प्राप्त गरेको छु।
मेरो अपराधको बिषयमा कसैले पनि थहा पाउने छैन।'
९"तर जबदेखि तिमी मिश्रदेशमा थियौ म त त्यही
समयदेखि नै परमप्रभु तिम्रो परमेश्वर हुँ। म तिमीलाई
भेट हुने पालका दिनहरूमा जस्तै पालमा राख्नेछु।
१०मैले अगमवक्तासित कुरा गरेकोछु र बारम्बार दर्शन
दिएकोछु। मैले अगमवक्तालाई तिमीहरूको आफ्नो पाठ
पढ़ाउन धेरै तरीका पनि दिएकोछु। ११तर गिलादमा
फेरि पनि पाप छ। अनुपयोगी मूर्तिहरू धेरै छन।
गिलगालमा तिनीहरू गोरुहरू बलिको रूपमा चढ़ाउँछन्।
तिनीहरूका धेरै जस्ता वेदीहरू जोतेको खेतमा थुपारेको
ढुङ्गाका थुप्राहरू जस्ता छन।
१२"याकूब आरामको खेतमा भागेर गए। यस
जग्गामा इस्राएलले पत्नीको निम्ति काम गरेको थियो।
स्वास्नी पाउनको निम्ति उसले भेड़ाहरूको हेरचाह
गऱ्यो। १३तर परमप्रभुले एउटा अगमवक्ताद्वारा इस्राएललाई
मिश्र देशबाट लिएर आउनुभयो। परमप्रभुले एकजना
अगमवक्तद्वारा इस्राएललाई सुरक्षित राख्नुभयो। १४तर
एप्रैमले परमप्रभुलाई धेरै रिस उठाइदियो। एप्रैम मृत्यु-दण्ड
पाउने अपराधको दोषी छ। यसैकारण उसलाई उसको
अपराधको निम्ति दण्ड दिइनेछ। उसको मालिकले
उसलाई लज्जित पार्नुहुनेछ।"

## इस्राएल आफै नष्ट भयो

१३ "एप्रैम आफैले इस्राएलमा आफूलाई महान
बनायो। एप्रैम जब बोलथ्यो मानिसहरू डरले
थर-थर काम्थे। तर एप्रैमले पापकर्म गऱ्यो। उसले
बाल देवताहरूको पूजा गर्न थाल्यो। त्यसैकारण मर्नेछ।
२इस्राएलले धेरै पाप गर्न थाल्यो। तिनीहरूले आफ्नो
निम्ति मूर्तिहरू बनाए। कारीगरले चाँदीको सुन्दर मूर्तिहरू
बनाउन थाले अनि आफ्ना मूर्तिहरूसित कुरा गरे।
तिनीहरूले ती मूर्ति सामु बलि चढ़ाउन अनि बाछाहरूलाई
चुम्बन गर्न शुरु गरे। ३अत: तिनीहरू चाँड़ै विलीन
हुनेछन। तिनीहरू कुइरो जस्तै हुनेछन विहानको शीत
जुन पर्छ तर चाँड़ै नै हराउँछ। इस्राएलीहरू हावाले
उड़ाउने भुस जस्तै हुन। तिनीहरू चिम्लीबाट बाहिर
निस्के पछि हराउने धुँवा जस्तै हुन।
४"मिश्रदेशमा जब तिमीहरू थियौ, त्यहि समयदेखि
म परमप्रभु तिमीहरूका परमेश्वर हुँ। म बाहेक
तिमीहरूले अन्य कुनै परमेश्वरलाई चिन्दैनौ। त्यो म नै
हुँ जसले तिमीहरूलाई बचायो। ५उजाड़ भूमि तथा
खड़ेरी परेको देशमा म तिमीहरूलाई चिन्थे। ६मैले नै
इस्राएलीहरूलाई खान दिएँ। उनीहरूले त्यो भोजन
खाए। आफ्नो पेट भरिए पछि उनीहरू तृप्त भए।
उनीहरू धमण्डी भए अनि मलाई उनीहरूले भुलिहाले।
७"यसैकारण म तिनीहरूको निम्ति सिंह जस्तै हुनेछु।
बाटोको किनारमा म चितुवा जस्तै ढुकिबस्नेछु। ८म
उनीहरूसँग माऊ भालू झैं झम्टन्छु जसले उसका
छाउराहरू खोसिदिएकोछ। म उनीहरूमाथि हमला गर्छु।
म उनीहरूको छाती चिरीदिन्छु। म त्यो सिंह अथवा
अन्य कुनै हिंस्त्रक जनवार जस्तै हुनेछु जसले आफ्नो
शिकार लुछी-लुछी खाई रहेको हुन्छ।"

## परमेश्वरको क्रोधबाट कसैले इस्राएललाई बचाउँनु सक्तैन

९"हे इस्राएल, मैले तिम्रो रक्षा गरें तर तिमीले मेरो
विरोध गऱ्यौ। यसकारण म तिमीलाई नष्ट गर्नेछु।
१०कहाँ हुनुहुन्छ तिम्रो राजा? उहाँले तिम्रो सबै शहरहरूमा
तिमीलाई सधाऊ पुऱ्याउनु हुनेछैन। कहाँ हुनुहुन्छ तिम्रा
न्यायधीश? 'मलाई एउटा राजा अनि धेरै राजकुमारहरू
दिनुहोस्,' भनी विन्ती गरेको थियौ। ११म क्रोधित भएँ
अनि मैले तिमीहरूलाई एउटा राजा दिए। म अझ
अधिक क्रोधित भएँ अनि मैले उसलाई तिमीहरू देखि
छुटाएँ।
१२"एप्रैमको दोष एउटा बिटोमा बाँधिएकोछ, उसको
पाप अभिलेखमा राखिएको छ। उ दण्डित हुनेछ।
१३उसलाई प्रसव वेदना हुनेछ। उ एउटा अज्ञानी
शिशु जस्तै हो चुनौति सामना गर्ने ठीक समयमा उ
आउँदैन।
१४"के म उनीहरूलाई पातालको शक्तिदेखि बचाऊँ?
के म उनीहरूलाई मृत्यु देखि मुक्त गराऊँ? हे मृत्यु!
तेरो विंध्वसक प्रकोप कहाँ छ? हे चिहान तेरो शक्ति
कहाँ छ? मेरो आखाँबाट अब दया लुकेकोछ।
१५इस्राएल आफ्नो दाज्यू-भाइहरूको बीच बढ़ी
रहेको छ तर पूर्वीय बतास आउनेछ। परमप्रभुको बतास
उजाड़ मरूभुमिबाट आउनेछ अनि इस्राएलको कुवाहरू
सुक्ने छन्। त्यसको पानीको मूल सुख्नेछ। त्यो आँधीले
इस्राएलका सबै बहुमूल्य बस्तुको भण्डार रित्तो पारिदिने
छ।
१६सामायिराले दण्ड भोग्नेछ किनकि उसले आफ्नो
परमेश्वरदेखि मुख बटारेको छ। इस्राएलीहरूलाई
तलवारद्वारा मारिने छ, उनीहरूको सन्तानलाई पछार्दै
मारिनेछ अनि तिनीहरूका गर्भवती स्त्रीहरूको पेट
निचोरिनेछ।"

## परमप्रभु तिर फर्क

१४ हे इस्राएल! तिम्रो पापले तिमीलाई धर्मराउने
बनाएकोछ। यसैकारण अब परमप्रभु आफ्नो
परमेश्वर तिर फर्केर आऊ। २जुन कुरा तिमीले
भन्नुछ, त्यसको विषयमा सोंच, अनि परमप्रभु तिर
फर्केर आऊ, उहाँलाई भन,
"हाम्रा सबै पापहरू टाढ़ा गरेर जे कुरा राम्रो छ
त्यसलाई ग्रहण गर जुन हामीले भनिरहेकाछौ।। हामी
हाम्रो मुखले तपाईंको स्तुति गाउँछौ।"

३"अश्शूरले हामीलाई बचाउँन सक्तैंन। हामी
घोड़हरूमाथि सवार हुनेछैनौ। न त हामी आफ्नो हातले
बनाएको कुरालाई 'हाम्रो परमेश्वर' भन्नेछौ। किन?
किनकि बिना आमा बाबुका संतानहरूप्रति दया गर्ने
केवल तपाईं मात्र हुनुहुन्छ।"

## परमप्रभुले इस्राएललाई क्षमा गर्नुहुन्छ

४परमप्रभु भन्नुहुन्छ, "उनीहरूले मलाई त्यागे। म
उनीहरूलाई यसको निम्ति क्षमा दिन्छु। म उनीहरूलाई
मुक्त भावले प्रेम गर्नेछु। म अब उनीहरू प्रति क्रोधित
हुनेछैन।

५म इस्राएलको निम्ति शीत झैं बन्नेछु। इस्राएल
लिली फूल झैं फुल्नेछ। लबानोन झैं त्यसको जरा
फैलनेछ।

६त्यसका हाँगाहरू भद्राक्षको रूख झैं हुनेछन। त्यो
सुन्दर हुनेछ। त्यो त्यस सुगन्ध झैं हुनेछ जुन लबानोनको
रूखको जराबाट आउँछ।

७इस्राएलका मानिसहरू फेरि मेरो संरक्षणमा हुनेछन।
तिनीहरू अन्न झैं बढ़नेछन। तिनीहरू अगुंरका लहरा
झैं फल्ने र फूल्ने छन। अनि तिनीहरूको सुगन्ध
लबानोनको दाखरस जस्तै हुनेछ।"

## परमप्रभुले इस्राएललाई मूर्तिको विषयमा चेतावनी दिनुभयो

८"हे एप्रैम मैले मूर्तिहरूसित गर्नुपर्ने बढ़ी केही छैन।
म नै एकजना हुँ जसले तिम्रो प्रार्थनाहरूको उत्तर
दिन्छु। म नै एकजना हुँ जसले माथिबाट तिम्रो रक्षा
गर्छु। म सधैं हरियो रहने सल्लाहको रूख जस्तै हुँ।
त्यसको फल मबाट नै आउँछ।"

## अन्तिम सल्लाह

९यी कुराहरू ज्ञानी मानिसले बुझ्नु पर्छ। यो
कुराहरू कुनै बुद्धिमान मानिसले जान्नु पर्छ। परमप्रभुको
बाटो ठीक छ। असल मानिसहरू तिनीहरूद्वारा बाच्छन।
पापीहरू तिनीहरूद्वारा मर्छन्।

# License Agreement for Bible Texts

***World Bible Translation Center***
***Last Updated: September 21, 2006***

Copyright © 2006 by World Bible Translation Center
All rights reserved.

**These Scriptures:**

- Are copyrighted by World Bible Translation Center.
- Are not public domain.
- May not be altered or modified in any form.
- May not be sold or offered for sale in any form.
- May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space).
- May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included.
- May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSION™ © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSION™." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read Version™ in English) must appear at the end of each quotation.

Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com.

World Bible Translation Center
P.O. Box 820648
Fort Worth, Texas 76182, USA
Telephone: 1-817-595-1664
Toll-Free in US: 1-888-54-BIBLE
E-mail: info@wbtc.com

**WBTC's web site –** World Bible Translation Center's web site: http://www.wbtc.org

**Order online –** To order a copy of our texts online, go to: http://www.wbtc.org

**Current license agreement –** *This license is subject to change without notice. The current license can be found at:* http://www.wbtc.org/downloads/biblelicense.htm

**Trouble viewing this file –** If the text in this document does not display correctly, use Adobe Acrobat Reader 5.0 or higher. Download Adobe Acrobat Reader from:
http://www.adobe.com/products/acrobat/readstep2.html

**Viewing Chinese or Korean PDFs –** To view the Chinese or Korean PDFs, it may be necessary to download the Chinese Simplified or Korean font pack from Adobe. Download the font packs from:
http://www.adobe.com/products/acrobat/acrrasianfontpack.html